नेपाल सरकार

# शिक्षक सेवा आयोग

सानोठिमी भक्तपुर

Email : tscaplication1@tgmail.com
Website: www.tsc.gov.np

मिति : २०७७।०४।११

पत्र संख्या : २०७७-०७८

**शैक्षिक वर्ष २०७६ को कार्यसम्पादन मूल्याङ्कन फाराम भर्न छुट भएका शिक्षकहरुले कार्यसम्पादन मूल्याङ्कन फाराम भर्ने सम्बन्धी सूचना**

शिक्षक सेवा आयोग नियमावली, २०५७ (संशोधनसहित) को नियम ३२घ को उपनियम ७ मा सामुदायिक विद्यालयमा कार्यरत स्थायी शिक्षकले नयाँ शैक्षिक सत्र शुरु भएको ३० दिनभित्र कार्यसम्पादन मूल्याङ्कन फाराम भरी सम्बन्धित विद्यालयमा दर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । तर कोभिड १९ का कारण विषम परिस्थिति उत्पन्न भइ देशभर बन्दाबन्दी (लकडाउन) घोषणा भइ सबै विद्यालयहरु पूर्ण रुपमा बन्द भएको र शिक्षकहरुको कार्य सम्पादन मूल्याङ्कन फाराम भर्न, दर्ता गराउन र मूल्याङ्कन गर्न नसकिएको कारण शिक्षक सेवा आयोगको मिति २०७७।०१।३० को निर्णयबाट शैक्षिक वर्ष २०७६ को कार्यसम्पादन मूल्याङ्कन फाराम भर्ने, दर्ता गर्ने र मूल्याङ्कन गर्ने सम्बन्धमा पछि सूचना प्रकाशन गर्ने जानकारी गराइएको थियो ।

हाल नेपाल सरकारले २०७७ श्रावण ७ गतेदेखि देशभर बन्दाबन्दीको अवधि अन्त्य भएको घोषणा गरेसंगै शिक्षकहरू विद्यालयमा उपस्थित हुने र कार्यालयहरु नियमित सञ्चालन हुने अवस्था देखिएकोले शिक्षक सेवा आयोगको मिति २०७७।०४।०९ को निर्णय अनुसार शैक्षिक वर्ष २०७६ को कार्यसम्पादन मूल्याङ्कन फाराम बन्दाबन्दी (लकडाउन) का कारण निर्धारित समयमा दर्ता गर्न छुट भएका शिक्षकहरुले आ-आफ्नो कार्यसम्पादन मूल्याङ्कन फाराम सम्बन्धित विद्यालयमा दर्ता गर्ने कार्य २०७७ श्रावण १५ देखि ३० दिनभित्र (२०७७ भाद्र १२ सम्म) मा गर्नु हुन सम्बन्धित सबैमा जानकारीको लागि अनुरोध छ । साथै, शिक्षकहरुको शैक्षिक वर्ष २०७६ को कार्यसम्पादन मूल्याङ्कन फाराम शिक्षक सेवा आयोग नियमावली २०५७ को दशौं संशोधन वमोजिम हुने र कार्यसम्पादन मूल्याङ्कन सम्बन्धमा शिक्षक सेवा आयोगको मिति २०७६।०७।०१ र मिति २०७६।०९।१६ को निर्णय वमोजिम हुने व्यहोरा समेत जानकारीको लागि अनुरोध छ ।

नेपाल सरकार
शिक्षक सेवा आयोग
सानोठिमी,भक्तपुर

**विषय- विज्ञसूची पेश गर्ने सम्बन्धमा ।**

यस आयोगबाट सञ्चालन हुने विभिन्न तह र श्रेणीका, खुला, आन्तरिक प्रतियोगितात्मक बढुवा र अध्यापन अनुमतिपत्र परीक्षाको प्रश्नपत्र निर्माण, परिमार्जन, तथा उत्तरपुस्तिका परीक्षण गर्ने प्रयोजनका लागि विज्ञ महानुभावहरूको सूची अद्यावधिक गर्नु पर्ने भएकोले तपसिल बमोजिमको योग्यता भएका महानुभावहरूले मिति २०७७।०५।३० गतेभित्र आयोगको इमेल ठेगाना rosterteacher@gmail.com मा वा सोझै शिक्षक सेवा आयोग, सानोठिमी भक्तपुरमा यसैसाथ संलग्न फाराम भरी आफ्नो विवरण पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

**आफ्नो विवरण अद्यावधिक गर्न इच्छुक विज्ञहरूको वान्छनीय योग्यता**

१. शिक्षा विषयमा कम्तीमा स्नातकोत्तर उत्तीर्ण गरेको,
२. माध्यमिक तहको स्थायी शिक्षक, निजामती सेवा वा संगठित संस्थाको कम्तीमा अधिकृतस्तरमा ३ वर्षसेवा अवधि पूरा गरेको,
३. विश्वविद्यालय सेवामा कम्तिमा उपप्राध्यापक पदमा स्थायी नियुक्ति भई ३ वर्षसेवा अवधि पूरा गरेको,
४. बुँदा नं. २ र ३ मा उल्लेखित कुनै निकायमा नियुक्ति लिई अवकाश प्राप्त व्यक्तिहरू ।

# विज्ञको व्यक्तिगत विवरण

१. **व्यक्तिगत विवरण:**

नाम:

स्थायी ठेगाना:

हालको ठेगाना :

इमेल :

टेलिफोन नं.

हालको वा अवकास हुँदाको पद :

हाल कार्यरत संस्था :

मोबाइल नं. :

२. **शैक्षिक उपाधिको विवरण : (माथिल्लो शैक्षिक उपाधिलाई पहिले लेख्नुहोला)**

| क्र सं. | शैक्षिक उपाधि | उत्तीर्ण वर्ष | श्रेणी | मुख्य विषय | कैफियत |
|---|---|---|---|---|---|
| १. | | | | | |
| २. | | | | | |
| ३. | | | | | |

(शैक्षिक उपाधि उल्लेख गर्दा स्नातकोत्तर र सोभन्दा माथिको मात्र उल्लेख गर्नुहोला)

३. **आयोगसँग सम्बन्धित रुचिको क्षेत्र (विशेषज्ञता हासिल गरेको क्षेत्रमा (√) लगाउनु होला)**

| पाठ्यक्रम तर्जुमा तह | | | उत्तर कुञ्जिका निर्माण तह | | | उत्तरकुञ्जिका परिमार्जन तह | | | उत्तरपुस्तिका परीक्षण तह | | | अन्तर्वार्ता लिएको तह | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रा. | निमा | मा. | प्रा. | निमा | मा. | प्रा. | निमा | मा. | प्रा. | निमा | मा. | प्रा. | निमा | मा. |
| | | | | | | | | | | | | | | |

४. **आयोगको काममा हासिल गरेको अनुभव**

| क्र सं. | विषयगत विधा | तह | | | प्रश्नपत्र निर्माण | | प्रश्नपत्र परिमार्जन | | उत्तरपुस्तिका परीक्षण तह | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | प्रा. | निमा. | मा. | विषयगत (पटक) | वस्तुगत (पटक) | विषयगत (पटक) | वस्तुगत (पटक) | प्रा. | निमा | मा. | |
| १. | नेपाली | | | | | | | | | | | |
| २. | अंग्रेजी | | | | | | | | | | | |
| ३. | गणित | | | | | | | | | | | |
| ४. | विज्ञान | | | | | | | | | | | |
| ५ | अन्य.... | | | | | | | | | | | |

(अनुभवलाई विस्तृत नगरी पटकमा उल्लेख गर्नुहोला)

**माथि लेखिएको व्यहोरा ठीक साँचो हो भनी प्रमाणित गर्दछु ।**

..........................

**मिति :**

हस्ताक्षर